# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२] काठमाडौं, मार्ग १२ गते २०२६ साल [संख्या ३२


श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

मनोरन्जन कर ऐन २०१७ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले लुम्बिनी विकास सहयोग समिति श्री घः विहार काठमाडौंले लुम्बिनी विकास योजनाको सहायतार्थं चन्दा संकलनको लागि राष्ट्रिय सभागृहमा प्रर्दशन गरिने फिल्म "शो" ८ (२०२६ भाद्र २४,२५,३१ र ३२ गते तथा २०२६ आश्विन ७,८,१३ र १४ गते) मा मनोरन्जन कर नलगाउने गरी छुट दिएको छ ।

आज्ञाले–

भरतबहादुर प्रधान

श्री ५ को सरकारको सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
# सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कैलाली भन्सार कार्यालयको घुईया फाँटा छोटी भन्सार भवन निर्माण गर्ने कामको निमित्त सेती अञ्चल, कैलाली जिल्ला रतनपुर ग्राम पञ्चायत वडा नं. २ घुईया फाँटाको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी वापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

१. पूर्व घुईया फाँटाको खेत, कुलो, पश्चिम मूल बाटो, उत्तर दशानुको घर साँध वाहेक पहिले बिष्णुकुमारीको नाउँमा दर्ता भै हाल लालबहादुरका नाउँमा नामसारी भएको जग्गा, दक्षिण हरबोलीले भोग चलन गरेको जग्गा, यति चार किल्लाभित्रको कि.नं. १०३ को जग्गा बिगहा ०।७।४ (सात कट्ठा चारधुर) को तिरो रू. १०।७१ (दश रूपैयाँ एकहत्तर पैसा) लाग्ने कित्ता एक – – – –१

२. पूर्व कुलराम र चुन्निलाल थारूको खेत, पश्चिम चुन्निलाल र हिरालाल थारूको बारी, उत्तर लालबहादुर मगरको खेत, दक्षिण सर्काड थारूको बारी यति चार किल्लाभित्रको कि.नं. १०२ को जग्गा बिगहा १।६।० मध्ये जग्गा बिगहा ०।१२।० (वान्ह कट्ठा) को तिरो रू. ३०।६० (तीस रूपैयाँ साठ्ठी पैसा) लाग्ने कित्ता एक – – – –१

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।